annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ८२ पृष्ठ ८ | काठमाडौं, आइतबार ४ साउन २०८२ | श्रावण कृष्णपक्ष दशमी नेपाल संवत् ११४५ | SUNDAY, JULY 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## काकाकुल मधेस

# आकाशबाट थोपै परेन, धर्तीको पानी पाताल छिर्‍यो

मधेसमा आकाशबाट थोपै पानी नपरेको महिनौं भयो। खोलानाला सुके, बोरिङबाट पानी आउन छोड्यो। धान रोपाइँ गर्न त परै जाओस्, साँझ-बिहान पिउनका लागि पानीको जोहो गर्नै हम्मे-हम्मे भइरहेको छ। त्यसैकारण देवताका राजा इन्द्रदेवसँग पानी माग्दै ठाउँ-ठाउँमा पूजापाठ चलिरहेका छन्। र, पनि पानी परेको छैन। अन्नको भण्डारमै रोपाइँ नभए खाद्य संकट उत्पन्न भई किसान भोकभोकै मर्ने अवस्था नआउला भन्न सकिन्न।




समाचार पृष्ठ २

राजकरण महतो | *बर्दिबासबाट फर्किएपछि*

– को रिपोर्ट

राजकरण महतो

## दक्षिण कोरियाका पूर्वराष्ट्रपतिविरुद्ध मुद्दा



**सिओल** (एजेन्सी) : दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक योएलले शक्तिको दुरुपयोग र सरकारी काममा अवरोध पुर्‍याएको भन्दै मुद्दा दर्ता भएको छ। सन् २०२४ को डिसेम्बर ३ मा देशमा मार्सल ल (सैनिक शासन) घोषणा गर्दै उनले संसद्मा सेना पठाएका थिए। उनको उक्त कदमले देशमा गम्भीर राजनीतिक संकट निम्त्याएको थियो।

पूर्वराष्ट्रपति युनलाई गत जनवरीमा पक्राउ गरिएको थियो। तर, कानुनी प्रक्रियाअनुसार मार्च महिनामा अस्थायी रूपमा रिहा गरिएको थियो। पछिल्लो साता फेरि सबुत नष्ट गर्न सक्ने भन्दै पुन: पक्राउ गरिएको थियो। अनुसन्धानकर्ताहरूका अनुसार युनले प्रधानमन्त्री र रक्षामन्त्रीले समर्थन गरेको झुटो कागज तयार पारेका थिए र त्यसलाई पछि नष्ट गर्न खोजिएको थियो।

## ब्रह्मपुत्रमा चीनको विशाल बाँध, भारत र बंगलादेश प्रभावित हुने

**बेइजिङ** (एजेन्सी) : चीनले तिब्बतको यार्लुङ साङ्पो (जसलाई भारतमा ब्रह्मपुत्र भनिन्छ) नदीमा विशाल बाँध निर्माण सुरु गरेको छ। चीनका प्रधानमन्त्री ली कियाङको उपस्थितिमा चीनले तिब्बत र भारत भएर बग्ने उक्त नदीमा शनिबारदेखि विशाल बाँध निर्माणको शिलान्यास गरेको हो। यो बाँधमध्ये चीनको याङत्से नदीमा रहेको थ्री गर्जेज बाँधभन्दा ठूलो हुनेछ। बाँध निर्माण भएपछि रोकिने पानीका कारण भारत र बंगलादेशका लाखौं मानिस प्रत्यक्ष प्रभावित हुनेछन्।

चीनको कार्बन तटस्थता लक्ष्य र तिब्बत क्षेत्रमा आर्थिक लक्ष्यसँग जोड्न यो परियोजनालाई बेइजिङले डिसेम्बरमा अनुमोदन गरेको थियो। दक्षिणपूर्वी तिब्बतको निङ्चीमा शिलान्यास समारोहपछि अधिकारीहरूले उक्त परियोजनाअन्तर्गत उत्पादन हुने विद्युत्‌बाट तिब्बतमा विद्युत्‌को मागलाई पूरा गर्ने दाबी गरेका छन्। उत्पादित बिजुली मुख्यतया खपतका लागि अन्य क्षेत्रमा प्रवाह गरिनेछ भने तिब्बतको स्थानीय विद्युत् आवश्यकतालाई पनि पूरा गरिनेछ। यस परियोजनामा पाँचवटा जलविद्युत् केन्द्रहरू निर्माण हुनेछन्। जसको लगानी लगभग १६७.१ अर्ब अमेरिकी डलर हुने अनुमान गरिएको छ। गत



जनवरीमा भारतले तिब्बतमा यस परियोजनाका बारेमा चीनसँग चासो व्यक्त गरेको र 'भारतीय हितको रक्षाका लागि आवश्यक कदम चाल्ने' बताएको थियो। भारतको विदेश मन्त्रालयले भनेको छ, 'चीनलाई यो सुनिश्चित गर्न आग्रह गरिएको छ कि ब्रह्मपुत्रको तल्लो तटीय राज्यहरूको हितमाथिको गतिविधिले क्षति नपुर्‍याओस्।'

गत डिसेम्बरमा बेइजिङको विदेश मन्त्रालयले यो परियोजनाले तल्लो तटीय क्षेत्रमा कुनै नकारात्मक प्रभाव नपार्ने बताएको थियो। साथै, चीनले नदीको तल्लो भेगका देशहरूसँग पनि सम्पर्क कायम राख्ने बताएको थियो। पर्यावरणविद्‌हरूले पर्यावरणीय दृष्टिले संवेदनशील तिब्बती पठारमा यस्ता ठूला परियोजनाहरूको अपरिवर्तनीय प्रभावबारे पनि चेतावनी दिएका छन्।

# पूर्वराष्ट्रपति भण्डारीको पार्टी सदस्यता 'पेन्डिङ' मा

## पोलिटब्युरो बैठकद्वारा विधान संशोधन पारित

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सत्तासीन एमालेको पोलिटब्युरो बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता 'होल्ड' मा राख्ने निर्णय गरेको छ। पूर्वराष्ट्रपतिको हैसियतामा पाउने सबै सेवा सुविधा छोडेर सक्रिय राजनीतिमा प्रवेश गरेकी भण्डारीको सदस्यता नवीकरणको विषयमा पार्टीले पछि निर्णय गर्ने गरी हाललाई पेन्डिङमा राख्ने निर्णय भएको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए। सचिवालयपछि दुई दिनसम्म चलेको पोलिटब्युरो बैठक चलेको थियो। शनिबार सम्पन्न बैठकका निर्णय सुनाउँदै प्रचार विभाग प्रमुख गौतमले भने, 'गरिमामय पदमा पुगेको व्यक्ति एउटा पार्टी विशेषको नेता भएर आउँदा के हुन्छ भन्ने विषयमा गम्भीर छलफल भयो। पार्टीमा आउने कुराले के प्रभाव पर्छ भनेर धेरै कुरा उठे। कमिटीको गम्भीर ध्यानाकर्षण भयो। अध्यक्षले पनि अर्को बैठकमा यो विषयमा छलफल गरौं भन्नुभएको छ।'



अध्यक्ष केपी शर्मा ओलीले बैठक समापनमा बोल्दै विद्या भण्डारीसँग छलफल गरेर पार्टी सदस्यता बारेको विषय टुंग्याउने बताएका थिए। बैठकले पार्टी विधान संशोधनको प्रस्ताव पारित गरेको छ। संशोधित विधानमा पार्टीभित्र दुई सदस्यताको व्यवस्था गरिएको छ। साधारण सदस्य र संगठित सदस्यताको व्यवस्था गरिएको छ। ७० वर्षे उमेरहद र दुई कार्यकालको व्यवस्था खारेज प्रस्ताव सर्वसम्मत पारित भएको गौतमले जानकारी दिए।

उनले भने, 'विधान संशोधनसम्बन्धी प्रस्तावलाई पोलिटब्युरो बैठकले स्वीकार गरेको छ। सामान्य सुझावलाई समावेश गर्ने गरी पारित गरेको छ। त्यसभित्रका महत्वपूर्ण कुरा भनेको पार्टीभित्र दुई सदस्यताको व्यवस्था र उमेरहदको व्यवस्था खारेज गर्ने कुरा हो। त्यसलाई स्वीकार गर्दै पोलिटब्युरो बैठकद्वारा निर्णय गरेका छौं।' बैठकले जिल्ला कमिटीलाई कार्यकारी भूमिकामै राखेको छ।

संघीयतामा जिल्ला कमिटीको औचित्यबारे बेला-बेला प्रश्न उठ्ने गरेका थिए। प्रचार विभाग प्रमुख गौतमले जिल्ला र प्रदेश दुवै कमिटी कार्यकारी भूमिकामा नै रहने बताए। वरिष्ठ उपाध्यक्ष पद खारेज भएको छ। १५ पदाधिकारीसहित २५१ सदस्यीय केन्द्रीय कमिटी हुनेछ। पार्टीमा तीन तह स्थायी समिति, पोलिटब्युरो र केन्द्रीय समितिको व्यवस्था गरिएको छ। उपाध्यक्ष विष्णुप्रसाद पौडेलको नेतृत्वमा तयार पारिएको विधान संशोधन प्रस्ताव सचिवालय हुँदै पोलिटब्युरोले केही फेरबदल गरेर पारित गरेको हो।

» बाँकी पृष्ठ ६

हार्दिक बधाई तथा शुभकामना!

CIP NEPAL

CEO: एभरेष्ट फेसन



श्री महेश्वर श्रेष्ठ सिन्या ज्यू

एभरेष्ट फेसन फेल्ट एण्ड निट प्रा.लि. का अध्यक्ष, मदन देवि फाउण्डेशनका अध्यक्ष, स्वर्णिम होटल पोखरा प्रा.लि (Holiday Inn express and Suites, Pokhara ) का अध्यक्ष एवंम Holiday Inn Express Kathamndu Naxal का प्रबन्ध नर्देशक, नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर लि. का सञ्चालक निर्देशक श्री महेश्वर श्रेष्ठ सिन्या ज्यू लाई अन्तर्राष्ट्रिय निर्यात व्यापारमा उत्कृष्ट योगदान पुर्‍याउनु भएकोमा नेपाल सरकारद्वारा व्यवसायिक रुपमा महत्वपूर्ण व्यक्ति ( Commercially Important Person) CIP पदकबाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगातिको शुभकामना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| Starlight Express Pvt. Ltd. | RISING STAR CARGO (P.) LTD. (Worldwide Freight Forwarder) | Kapileshwor Cargo P. Ltd |
| KAMANA FREIGHT (P) LTD. Worldwide Cargo Movers | ups Authorised Service Contractor | SKYNET WORLDWIDE EXPRESS The Partnership that delivers |
| EVEREST TRAVEL 50 | Sushma Felt | Jaysambu Handicraft |
| Kabita Handicraft | R.J. Hastakala Udhyog | Rasaili Handicraft |
| जि. के. ह्याण्डिक्राफ्ट G.K. HANDICRAFT महालक्ष्मी न.पा. ६, सिद्धिपुर, ललितपुर Mahalaxmi-6, Siddhipur, Lalitpur | NABIN HASTAKALA SINCE 2014 | Radhika Handicraft |
| Kailali Handicraft | Jay Bageshwori Handicraft | Shivam Wool Enterprises Chhetrapati,Kathmandu |
| Everest Dyeing Service Pvt. Ltd Jorpati, Kathmandu | Rajan Dyeing Udhyog Mulpani, Kathmandu | Ravi Rajan Enterprises Jorpati, Kathmandu |
| KTM Wool House Pvt. Ltd | Ganapati Woolen Industries | Sharad Craft MADE TO MAKE |
| SAIPAL Printing & Packaging Pvt. Ltd | MADAN DEVI FOUNDATION Madan Devi Foundation | Rajbhandari Printing service |
| Binita Suppliers | श्री बालकुमारी प्लाष्टिक उद्योग ललितपुर | VARIETIES CONSULTING NETWORK (P) LTD. (Advertising Agency) Tripureshwor,Kathmandu,Tel:5333334,5333030 Email:vcn.agency@gmail.com |